श्री

राजस्व न्यायाधिकरण काठमाडौं
इजलास
माननीय अध्यक्ष श्री किशोर सिलवाल
राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
लेखा सदस्य श्री डम्बर वहादुर कार्की
फैसला
२०७५/७६ सालको निर्णय नं. २
पुनरावेदन नं. : ०७४-RB-०११४

| | |
|---|---|
| टासीको नातिनी, छिरिङको छोरी, छेदोखको श्रीमती, चीन स्थायी ठेगाना भएको चीनको राहदानी नं. G53189013 वाहक बस्ने वर्ष ४५ की HUACAO PU........१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत मान बहादुर पौडेल समेतको प्रतिवेदनले नेपाल सरकार............................................................१ | प्रत्यर्थी |

## मुद्दा : सुन चोरी पैठारी

सुरू निर्णय मितिः २०७३।९।१७, निर्णय गर्ने पदाधिकारीः प्रमुख भन्सार प्रशासक नारायण प्रसाद सापकोटा

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री कमलमणि श्रेष्ठ

प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई

त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक श्री नारायण प्रसाद सापकोटाले प्रतिवादी उपर सुन चोरी पैठारी गरेको ठहराई मिति २०७३।९।१७ मा गर्नु भएको

निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२(१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक प्रतिवादी HVACAO PU को यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

मुद्दाको तथ्य

१. मिति २०७४ साल पौष ८ गते १२ बजेको समयमा Air China को उडान नं. CA 437 बाट Chengdu हुँदै काठमाडौं आएकी चिनिया राहदानी नं. G53189013 वाहक श्री Huacao Pu लाई त्रिभुवन विमानस्थल कार्यालयको आगमन कक्षमा रहेको वाकथ्रु क्षेत्रको X-ray मा चेकजाँच गर्ने क्रममा निजको साथबाट विस्कुट आकारको दुईथान सुन बरामद भएको र निजले सो कुरा स्वीकार समेत गरेको हुँदा निकासी पैठारी नियन्त्रण ऐन, २०१२ र भन्सर ऐन २०६४ बमोजिम कारवाही र सजायको लागि पेश भएकोमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक नारायण प्रसाद सापकोटाबाट बरामद भएको सुन जफत हुने, निज प्रतिवादीलाई बरामद सुनको विगो बमोजिम रु. ९३,५२,६३८।- जरिवाना हुने तथा ६(छ) महिना कैद समेत हुने गरी मिति २०७३।९।१७।२ मा भएको निर्णय उपर चित्त नबुझाई भन्सार ऐन २०६४ को दफा ६२(१) र राजस्व न्यायाधिकरण ऐन २०३० को दफा ९(४) बमोजिम पुनरावेदक प्रतिवादी Huacao Pu को तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक प्रतिवादीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. म प्रतिवादी स्वयंले घोषणा गरी दिएको सुनलाई भन्सार ऐन २०६४ को दफा १८(१) बमोजिम प्रज्ञापनपत्र भर्न लगाई भन्सार लिनुपर्नेमा सो नगरी सुन बरामद गरी कसुरदार ठहराएको निर्णयमा कानूनी त्रुटि रहेको,

ख. वरामद भएका सुन, पाटनमा पाँचवटा चैत्य बनाई त्यसमा सुनौलो रंङ्ग चढाउन ल्याएको सुन हो । उक्त सुन व्यापार व्यवसाय गर्न ल्याएको होइन म विदेशी नागरिक भएकोले कानून तथा सूचनाको जानकारी नभएकोले काँचो सुन ल्याएको हो, तसर्थ कसुरदार ठहर गरी सजाय गर्नु न्यायोचित रहेको छैन,

ग. तसर्थ, त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट भएको निर्णय वदर गरी न्याय इन्साफ पाउँ ।

ठहर

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कमलमणी श्रेष्ठ र प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो । वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमका वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :-

| **पुनरावेदक तर्फका विद्वान अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरु** | **प्रत्यर्थी तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु** |
|---|---|
| – मेरो पक्षलाई १९९८ ग्राम सुन चोरी पैठारी गरेको भनी पक्राउ गरेकोमा पुनरावेदक आफैले विस्कुट आकारको सुन २ थान चेकजाँच गर्ने क्रममा देखाएको हो,<br>– पुनरावेदक प्रतिवादीलाई काँचो सुनल्याउन हुँदैन भन्ने थाहा थिएन आफैले स्वयं सुन हो भनी घोषणा गरी सुनको प्रज्ञापनपत्र भराएको हो,<br>– मेरो पक्षले उक्त सुनहरु कुनै व्यपार गर्न ल्याएको होईन, झोलामा राख्दा हराउने डरले झुत्ताभित्र राखेर ल्यएको हो,<br>– तसर्थ प्रतिवादी चिनिया नागरिक भएको र विदेशी नागरिकलाई नेपालको कानूनको जानकारी नभएकोले कसूरदार ठहराई भएको शुरु निर्णय नमिलेको हुँदा वदर गरी | – विवादित सुनहरु प्रतिवादीबाट वरामद भएकोमा विवाद नरहेको,<br>– प्रतिवादीले बयान गर्दा विवादित सुनहरु आफूले ल्याउँदै गर्दा पक्राउमा परेकोमा सावित रहेको,<br>– बयानमा प्रतिवादीले वरामदी सुनहरु अवैध होइन, मेरो गाउँमा धेरैजना लामाहरु स्वर्गिय भएकोले उनीहरुको यादमा पाटनमा पाँचवटा चैत्य बनाई त्यसमा सुनौलो रङ्ग चढाउन ल्याएको सुन हो कुनै व्यापार व्यवसाय गर्न ल्याएको होइन भनी बयान गरेको भए पनि आफूले ल्याएको सुनको प्रज्ञापनपत्र भरेको वा भन्सार तिरेको निस्सा पेश गरेको नदेखिएको, |

| | |
|---|---|
| न्याय इन्साफ पाउँ । | – तसर्थ प्रतिवादीलाई कसूरदार ठहराई भएको शुरु निर्णय मिलेकै हुँदा सदर गरी पाउँ । |

४. पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर, दुवै तर्फबाट उपस्थित विद्वान अधिवक्ता एवं शाखा अधिकृतबाट प्रस्तुत हुन आएका वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दामा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय दिनु पर्ने देखिन आयो :-

क. प्रतिवादीको साथबाट बरामद भएको सुन भन्सार चोरी पैठारी अन्तर्गतको हो या होइन ?,

ख. प्रतिवादी चिनिया नागरिक भएको र विदेशी नागरिकलाई नेपालको कानूनको जानकारी नभएकै कारणले कसूरबाट छुट पाउने अवस्था हुने हो या होइन ?, र

ग. आरोपित कसूर गरेको ठहऱ्याई प्रतिवादीलाई सजाय गर्ने गरि भएको शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयको निर्णय मिलेको छ वा छैन ?

५. अव निर्णय तर्फ बिचार गर्दा सर्वप्रथम प्रतिवादीको साथबाट बरामद भएको सुन भन्सार चोरी पैठारी अन्तर्गतको हो या होइन ? भन्ने तर्फ हेर्दा प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी मिति २०७४।०९।०८ गते अपरान्ह करिब १२.०० बजेको समयमा Air China को उडान नं. CA 437 बाट Chengdu हुँदै काठमाडौं आएकी चाइनिज राहदानी नं. G53189013 वाहक HUACAO PU लाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको भन्सार कार्यालयको आगमन कक्षमा रहेको वाकथ्रु क्षेत्रको एक्सरेमा चेकजाँच गर्ने क्रममा प्रतिवादीले लगाएको जुत्ताभित्र लुकाई राखेको अवस्थामा निजको साथबाट १९९८ ग्राम तौल भएको दुई थान विस्कुट आकारको सुन वरामद भएको र निज प्रतिवादीले बरामदी सुन आफ्नै साथमा ल्याएको भनी स्वीकार समेत गरेको पाइन्छ । नेपालमा सुन चोरी पैठारीलाई नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६६।०७।१६ को सूचना अनुसार पूर्ण प्रतिवन्धको श्रेणीमा राखिएकोले निज प्रतिवादीले निजी गुण्टा, झिटी भारी आदेश सम्बन्धी सूचना, २०७३ को उल्लंघन गरी आफ्नो साथमा उक्त सुन ल्याउने क्रममा बरामद भएको हो । प्रतिवादीबाट वरामदित सुन विद्यमान कानूनी व्यवस्था विपरित ल्याएको परिप्रेक्ष समेतको आधारमा हेर्दा निकासी पैठारी नियन्त्रण ऐन, २०१३ र भन्सार

ऐन, २०६४ अनुसार उक्त सुन बरामद गरि त्रिभुवन विमानास्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत मान बहादुर पौडेल समेतको प्रतिवेदनबाट कारवाही प्रारम्भ भएको पाइयो।

६. यसरी १९९८ ग्राम सुन चोरी पैठारी गरेको भनी पक्राउ परेका Huacao Pu ले सो सुन आफ्नो साथबाट बरामद भएको स्वीकार गरी कार्यालयमा दिएको बयान, बरामदी मुचुल्का र उजुरी प्रतिवेदन लगायत मिसिलसाथ संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट नेपाल राजपत्र, मिति २०६७।५।१७ खण्ड ६० अतिरिक्ताङ्ग १५(ख) मा मिति २०६७।५।१८ देखि सुनको पैठारीमा पूर्ण बन्देज लगाएको, नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६७।८।१४ को निर्णयले तोकेको प्रक्रिया पूरा गरी पैठारी गर्न पाइने कानूनी व्यवस्था रहेको, व्यक्तिगत रुपमा पैठारी गर्न बन्देज रहेको उक्त सुनको हकमा भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट मिति २०७३ साल श्रावण १ गते देखि लागू हुने गरी प्रकाशित निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचनाको दफा ६ को उपदफा (१) को खण्ड (ञ) बमोजिम विदेशी यात्रुले आफ्ना साथमा पचासग्राम सुनको गहनासम्म र सय ग्रामसम्म चाँदीका गहना ल्याउँदा भन्सार महसूल पूर्ण छुटमा ल्याउन पाउने कानूनी व्यवस्था गरेको छ । सूचनाको दफा ७ ले कुनै यात्रुले भन्सारमा घोषणा नगरी कुनै सामान लुकाई छिपाई ल्याउन वा लैजान प्रयत्न गरेमा वा यस सूचनाको प्रतिकूल हुने गरी कुनै सामान ल्याएमा वा लैजान खोजेमा त्यस्तो सामान जफत गरी प्रचलित कानून बमोजिम कारवाही हुने प्रावधान रहेको छ । भन्सार ऐन, २०६४ को दफा १८ को उपदफा (१) मा मालबस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले तोकिए बमोजिमको कागजात संलगन गरी प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नुपर्नेछ । सोही ऐनको दफा ३८ मा तलासी लिंदा भन्सार महसूल लाग्ने वा यस ऐन बमोजिम घोषणा गरी पैठारी वा निकासी गर्नु पर्ने मालबस्तु बरामद भएकोमा भन्सार अधिकृतले तलासी लिएको व्यक्तिलाई सो मालबस्तुको प्रज्ञापनपत्र र भन्सार महसूल लाग्ने मालबस्तु भए महसूल तिरेको निस्सा पेश गर्न आदेश दिनेछ । आदेशानुसार त्यस्तो प्रज्ञापनपत्र वा निस्सा पेश गर्न नसकेमा वरामदित सामान चोरी पैठारी वा चोरी निकासी गरेको मानिनेछ भन्ने व्यवस्था रहेको देखिन्छ । साथै सोही ऐनको दफा ५७ को उपदफा (१) मा कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३

बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा त्यस्तो मालबस्तु जफत गरी बिगो बमोजिमको जरिवाना र कैद गर्न सक्नेछ । दफा ३८ अनुसार प्रतिवादीले भन्सारमा कही कतै घोषणा नगरी भन्सार तिरेको निस्सा पेश नगरी पक्राउ परेको र वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना बमोजिम पैठारीमा प्रतिबन्ध लागेको सुन लुकाई छिपाई भन्सार छली चोरी पैठारी गर्दा पक्राउ परेका प्रतिवादी Huacao Pu ले सुविधामा ल्याउन पाउने भन्दा ज्यादै बढी परिमाणको सुनको विस्कुटहरु निज प्रतिवादी स्वयंले लगाएको जुत्ताभित्र राखी भन्सारमा घोषणा समेत नगराई लुकाई छिपाई ल्याएको कार्यलाई सामान्य भन्न मिल्दैन । तसर्थ प्रचलित कानून तथा सूचनाका आधारमा नेपाल भित्र विदेशबाट तोकिएको प्रकृया पुऱ्याई पैठारी गर्न पाउने परिमाण बाहेक अन्य निषेधित परिमाणमा निज प्रतिवादी Huacao Pu ले ल्याएको उक्त सुन कानून सम्मत पैठारी भए गरेको देखिएन ।

७. मिति २०७३ साल श्रावण १ गते देखि लागू हुने गरी प्रकाशित निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचनाको दफा ६ को उपदफा (१) को खण्ड (ञ) बमोजिम सुनको गहना पचासग्रामसम्म भन्सार महसूल पूर्ण छुटमा ल्याउन पाउने कानूनी व्यवस्था रहेको छ । सूचनाको दफा ७ ले कुनै यात्रुले भन्सारमा घोषणा नगरी कुनै सामान लुकाई छिपाई ल्याउन वा लैजान प्रयत्न गरेमा वा यस सूचनाको प्रतिकूल हुने गरी कुनै सामान ल्याएमा वा लैजान खोजेमा त्यस्तो सामान जफत गरी प्रचलित कानून बमोजिम कारवाही हुने प्रावधान रहेको पाइन्छ । प्रतिवादीले पक्राउ परे पछि कार्यालयमा बयान गर्दा आफ्नो साथबाट १९९८ ग्राम सुन बरामद भएको हो भनी स्वीकार गरेको आधारमा निजबाट नै उक्त सुन बरामद भएकोमा विवाद छैन । लामाहरुको मृत्यु हुँदा उनीहरुको सम्झनामा पाटनमा पाँचवटा चैत्य बनाई त्यसमा सुनौलो रङ्ग चढाउन ल्याएको हो, नेपालमा यसरी सुन ल्याउन पाइदैन भन्ने कानूनी व्यवस्था बारेमा मलाई थाहा थिएन भन्ने व्यहोराको बयान गरेको देखिएता पनि उक्त सुन लुकाई ल्याउँदा निज प्रतिवादीले अबलम्बन गरेको तौर तरिका समेतलाई विचार गर्दा कानूनको सर्वमान्य सिद्धान्त बमोजिम कानूनको अज्ञानताबाट नै यस्तो कसूर भएको हो भनी मान्न मिल्ने देखिन आएन । प्रतिवादीले मेरो साथबाट बरामद गरेको दुई थान (१९९८ ग्राम) सुनको भन्सारमा अग्रिम घोषणा गरेको छैन भनी दिएको बयान व्यहोराबाट भन्सार छली चोरी पैठारी गरेको स्वीकार गरेकोले प्रतिवादी Huacao Pu

ले अवैध रुपमा चोरी पैठारी गर्ने मनसायले नै सुन ल्याएको हो भन्ने तथ्यमा विवाद गर्नुपर्ने अवस्था देखिन आएन ।

८. उजुरी प्रतिवेदन, बरामदी मुचुल्का र प्रतिवादीले दिएको बयान तथा बिद्यमान कानूनी व्यवस्था समेतका आधारमा विश्लेषण गर्दा काठमाडौं आएका Huacao Pu लाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार कार्यालयको आगमन कक्षमा रहेको एक्सरेमा चेकजाँच गर्ने क्रममा निजले लगाएको जुत्ताभित्रबाट मूल्य रु. ९३,५२,६३८।- बराबरको १९९८ ग्राम सुन बरामद भएको र सो सुन निज प्रतिवादीले आफ्नै साथबाट बरामद भएको हो भनी स्वीकार गरेको हुँदा वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६७।५।१७ को राजपत्रमा प्रकाशित सूचनाले पैठारी गर्न रोक लगाएको र नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६७।८।१४ को निर्णयले सुन पैठारी सम्बन्धि तोकिएको प्रक्रिया पूरा गरी वित्तिय संस्थले निकासी वा पैठारी गर्नुपर्ने र भन्सार ऐन, २०६४, तथा भन्सार नियमावली, २०६४, अनुसार निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचनाले तोकेको परिमाण भन्दा बढी सुन सहित प्रतिवादी भन्सार क्षेत्रमा पक्राउ परेको हो । प्रतिवादीले चोरी पैठारी गरेको होइन, गाउँका धेरैजना लामाहरुको मृत्यु भएकोले उनीहरुको सम्झनामा पाटनमा पाँचवटा चैत्य बनाई त्यसमा सुनौलो रङ्ग चढाउन ल्याएको सुन हो । चोरी पैठारीको सुन होइन भनी लिएको जिकिरलाई कानूनसम्मत हो भनी मान्ने कुनै आधार देखिन आएन। नेपाल राजपत्र, मिति २०६७।५।१७ खण्ड ६० अतिरिक्ताङ्ग १५(ख) मा मिति २०६७।५।१८ देखि सुनको पैठारीमा पूर्ण बन्देज लगाएको पाइन्छ । उक्त सुनको हकमा भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट मिति २०७३ साल श्रावण १ गते देखि लागू हुने गरी प्रकाशित निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचनाको दफा ६ को उपदफा (१) को खण्ड(ञ) बमोजिम सुनको गहना पचासग्राम सम्म भन्सार महसूल पूर्ण छुटमा ल्याउन पाउने कानूनी प्रावधान रहेकोमा प्रस्तुत मुद्दामा पेश हुन आएको बरामदी मुचुल्का, प्रतिवेदन र प्रतिवादीको बयान समेतलाई विष्लेषण गर्दा प्रतिवादीबाट बरामद भएको सुन भन्सार ऐन २०७४ को दफा ३८ बमोजिम चोरी पैठारी अन्तर्गतको नै हो भन्नेमा विवाद देखिन आएन। अतएवं भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१) बमोजिम १९९८ ग्राम सुन प्रतिवादीबाट जफत गरी सोही उपदफा (१) बमोजिम प्रतिवादी Huacao Pu लाई जफत भएको सुनको विगो मोल रु. ९३,५२,६३८।- जरिवाना समेत हुने ठहऱ्याई भएको शुरु त्रिभुवन

विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट भएको निर्णय लाई अन्यथा भन्न मिल्ने देखिन आएन।

९. विवेचित सिद्धान्त एवं कारण समेतको आधारमा प्रतिवादी HUACAO PU बाट बरामद भएको सुन भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम जोरी पैठारी भएको ठहऱ्याई उक्त ऐनको दफा ५७(१) बमोजिम बरामद सुन जफत गरी प्रतिवादीलाई जफत भएको सुनको बिगो मूल्य रु. ९३,५२,६३८।— जरिवाना भई ६ महिना कैद गर्ने गरी शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७४।९।१७ मा भएको निर्णय मिलेको देखिंदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

१०. प्रस्तुत मुद्दाको फैसला भएको कुराको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई दिनु ।

११. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू ।

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुने:-

टिपोट गर्ने: -श्री सीता अधिकारी (शाखा अधिकृत)

टाइप गर्ने: प्रदिप तिवारी (कम्प्यूटर अपरेटर)

इति सम्वत् २०७५ साल भाद्र महिना १९ गते रोज ३ शुभम् ..........................